# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०८।०९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

सव-डिभिजन वन कार्यालय, मुर्गिया, रुपन्देहीका वन रक्षक प्रेमचन्द्र विश्वकर्माले पुर्जीवाला चिरान काठ ओसारपसार गर्न सहयोग गरेबापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले निज प्रेमचन्द्र विश्वकर्मालाई सेवाग्राहीबाट रु. १२,०००/- घुस/रिसवत बापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिएको थियो।

अनुसन्धानको सिलसिलामा सैनामैना सवडिभिजन वन कार्यालय, मुर्गीया, रूपन्देहीमा वन रक्षक पदमा कार्यरत प्रेमचन्द्र विश्वकर्माले सेवाग्राहीलाई चिरान काठ ओसारपसार गर्ने सहज गरिदिएबापत घुस/रिसवत लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकोले घुस/रिसवतवापत लिएको बिगो रू. १२,०००/- (बाह्र हजार) कायम गरी निज प्रेमचन्द्र विश्वकर्मालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी